# धर्मदेवी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मुढेनिश्वर, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल


प.सं. :- २०८३/८४
च.नं. :-

## नगरपालिकाका सम्पूर्ण शैक्षिक संस्थामा बिदा हुने सम्बन्धी सूचना

**सूचना प्रकाशन मितिः २०८३/०६/०८**

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरबार, काठमाडौंको मिति २०८३ असोज ५ गतेको सूचना तथा नेपाल मौसम विज्ञान विभागद्वारा जारी विशेष मौसमी बुलेटिनअनुसार कोशी प्रदेशलगायतका विभिन्न स्थानमा मेघगर्जन, चट्याङ, हावाहुरीसहित भारीदेखि धेरै भारी वर्षा तथा केही स्थानमा अति भारी वर्षाको सम्भावना रहेको छ।

उक्त प्रतिकूल मौसमका कारण बाढी, पहिरो, गेग्रान बहाव तथा डुबानको जोखिम बढ्न सक्ने र विद्यार्थी, शिक्षक तथा कर्मचारीको आवतजावतमा समेत जोखिम हुनसक्ने अवस्थालाई मध्यनजर गरी धर्मदेवी नगरपालिका क्षेत्रभित्र सञ्चालित सम्पूर्ण सामुदायिक तथा संस्थागत (निजी) विद्यालय तथा शैक्षिक संस्थाहरूमा आज मिति २०८३ असोज ८ गते र भोलि मिति २०८३ असोज ९ गते दुई दिन पठनपाठन तथा नियमित तथा पूर्वनिर्धारित शैक्षिक गतिविधि बन्द रहने गरी बिदा दिने निर्णय गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

यस अवधिमा विद्यार्थी, शिक्षक, कर्मचारी तथा अभिभावकहरूले अत्यावश्यकबाहेक टाढा तथा जोखिमयुक्त स्थानमा यात्रा नगर्न, खोला, नदी, खहरे तथा पहिरोको जोखिमयुक्त क्षेत्रमा नजान र मौसम तथा सडकको अवस्थाबारे जानकारी लिई आवश्यक सावधानी अपनाउन अनुरोध छ।

साथै सम्भावित विपद्बाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण तथा विद्यार्थी, शिक्षक र कर्मचारीको सुरक्षालाई मध्यनजर गर्दै उक्त दुई दिन शैक्षिक संस्था बन्द राखी आवश्यक सावधानी तथा पूर्वतयारी अपनाउन सम्बन्धित सबैमा धर्मदेवी नगरपालिका हार्दिक अनुरोध गर्दछ।

उदय चन्द्र पौडेल
नगर प्रमुख


उदय चन्द्र पौडेल
नगर प्रमुख



फोन नं. :०२९-४१४००६, ०२९-४१४००७, ०२९-४१४००८, gmail : dharmadevimun@gmail.com, website : www.dharmadevimun.gov.np


"सुन्दर समुन्नत गाउँ, घर, शहर धर्मदेवी नगरपालिकाको रहर ।"